# एक्सेल डेभलपमेन्ट बैंक लि.
**Excel Development Bank Ltd.**

... तपाईंको स्थानीय साझेदार (Your Local Partner)

*नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)*

केन्द्रीय कार्यालय : मुक्तिचोक, बिर्तामोड, झापा

फोन नं. : ०२३-५४३५६४, ५४५५६४, Email: info@edb.com.np I Web:www.edb.com.np


**को**

## एक्सेल डेभलमेन्ट बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमका कम्पनीहरुको संस्थापक समूह शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति २०७७/०८/२१**

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति २०७७/०९/०५**

श्री एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको स्वामित्वमा तपसिल बमोजिको कम्पनीहरुको संस्थापक समूहको शेयरहरु बोलकबोल प्रकृयाबाट बिक्री गर्न यस बैंकको निर्णयानुसार उक्त शेयरहरु खरीद गर्न इच्छुक प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरुले मिति **२०७७ साल पौष ५ गतेभित्र** प्रति कित्ता के कति दर भाउमा लिन कबुल गर्ने हो तल उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न सम्बन्धित सबैमा आव्हान गरिन्छ ।

| सि.नं | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र)हरु : |
|---|---|
| १. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं । |
| २. | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको केन्द्रिय कार्यालय |

**तपसिल**

| सि.नं. | कम्पनीहरुको नाम | शेयर कित्ता | बोलकबोल गर्ने शेयरको न्यूनतम मूल्य रु. |
|---|---|---|---|
| १. | आरएमडिसी लघुवित्त वित्तिय संस्था लिमिटेड | २५,५२० | ४८५/- |
| २. | ग्रामीण विकास लघुवित्त वित्तिय संस्था लिमिटेड | ३०,००० | २६९/- |

**शर्तहरु:**

१. बोलपत्र आवेदन फाराम प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं वा एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको केन्द्रिय कार्यालयबाट रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ ।

२. शेयरको न्यूनतम मूल्य माथि तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । साथै कुनै एक व्यक्ति वा संस्थाले एक कम्पनीको लागि एउटा मात्र आवेदन फारम पेश गर्नुपर्नेछ । शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।

३. आवेदनकर्ताहरुले आवेदन फारम खरिद गरिएको संस्थाको छाप लगाएको आवेदन फारम खरीद गरी लिनुपर्नेछ । छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन ।

४. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको मुल्य रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन ।

५. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १००० (एक हजार) कित्ता वा सो भन्दा माथि १० ले भाग जाने गरि अधिकतममा सम्पूर्ण कित्ता शेयरका लागि आवेदन दिन सकिनेछ ।

६. शिलबन्दी खाम बाहिर **"आफूले लिन चाहेको सम्बन्धित कम्पनीको नाम तथा संस्थापक शेयर खरीद आवेदन"** उल्लेख भएको हुनु पर्नेछ । साथै आवेदन दिँदा हरेक कम्पनीको लागि छुट्टाछुट्टै आवेदन फाराम र शिलबन्दी खाम पेश गर्नु पर्नेछ ।

७. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेडको नाममा प्रभु बैंक लिमिटेड, कमलादी, काठमाडौंमा रहेको खाता नं. १११००६३१८१६००१२३ मा नगद जम्मा गरि सो को सक्कल बैंक भौचर वा Connect IPS बाट उक्त खातामा नगद जम्मा गरी सो को निस्सा संलग्न गरी वा प्रभु क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नुपर्नेछ । यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ । साथै Good for Payment Cheque or Manager's cheque मार्फत आवेदन गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ ।

८. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर/हितग्राही खाता नं उल्लेख गर्नु पर्नेछ । साथै सबै भन्दा पहिले विद्यमान संस्थापकहरुलाई पहिलो प्राथमिकता दिई बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्रि गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा अन्य व्यक्ति कम्पनी संघ, संस्थाहरु बिच बढी कबोल गर्नेलाई बिक्रि गरिनेछ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिनेछ । प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

९. शेयर खरीद गर्न ईच्छुक बोलपत्र दाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूची ३)को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपि, पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । साथै, विद्यमान संस्थापकहरुले आफ्नो आय श्रोतको विवरण वा स्व:घोषणा समेत पेश गर्नुपर्नेछ ।

१०. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।

११. प्राप्त बोलपत्रहरु तोकिएका संकलन केन्द्रहरुबाट बिक्री प्रबन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी वा सम्बन्धित आवेदकलाई अन्य कुनै माध्यमबाट जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ ।

१२. उपत्यका बाहिरको संकलन केन्द्र बाट संकलित आवेदनहरु कुरियर मार्फत पठाउनु पर्ने भएकोले कुनै कारणवश संकलन केन्द्रबाट कुरियर मार्फत पठाईएको आवेदन फारम प्राप्त नभएमा वा नष्ट भएमा नियमन निकायको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडि बढाइने छ ।

१३. कम्पनीको हकमा दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

१४. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।

१५. यस कम्पनीले स्वीकृत बोलपत्रवालालाई बाँडफाँड गर्ने निर्णय गरेको जानकारी सार्वजनिक सूचना प्रकाशित गरी वा अन्य माध्यमबाट सम्बन्धित आवेदकलाई गराईनेछ ।

१६. स्वीकृत आवेदकलाई बाँडफाँड गर्न यस बैंकले निर्णय गरेको ३ कार्य दिन पछि बाँडफाँडमा नपरेका आवेदकहरुबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ ।

१७. बाँडफाँडमा परेका आवेदकको नाममा प्रचलित कानून बमोजिम शेयर खरिद कारोबार तथा नामसारी गरिनेछ । शेयर खरिद कारोबार तथा नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ ।

१८. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । हितग्राही खाता नहुने आवेदकले प्रभु क्यापिटल लिमिटेड वा आधिकारीक निक्षेप सदस्य कहाँ सम्पर्क गरि हितग्राही खाता खोल्न सक्नु हुनेछ ।

१९. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको Website: www.prabhucapital.com वा सूचना पाटीमा हेर्न सक्नु हुनेछ ।

**बिक्री प्रबन्धक**


PRABHU CAPITAL

**प्रभु क्यापिटल लिमिटेड**

**कमलादी, काठमाडौं, फोन नं. ४२२२९३९, ४२२२९८७, फ्याक्स:४२२२८०२**

E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com

**(A Subsidiary of Prabhu Bank Ltd.)**



**मिति २०७७/०८/१३ गत अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित गरिने ।**